# माई स्मल हेल्प, ललितपुर

## प्रगति विवरण २०७३।७४

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च ब्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७३।७४ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो ।
- काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्वर निम्न माध्यामिक विद्यालयमा अध्ययनरत् सम्पूर्ण विद्यार्थीहरुको लागि शैक्षिक सत्र २०७४ मा विद्यालय पोशाक तथा शैक्षिक सामाग्रीहरु वितररण गरियो ।
- काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्वर निम्न माध्यामिक विद्यालयमा गुणस्तरिय तथा प्रयोगात्मक अध्यापनका लागि शैक्षिक सत्र २०७४ को लागि संस्थाद्वारा तलब उपलब्ध गराउने गरि २ जना शिक्षिकाहरु नियुक्ति गरियो ।
- काठमाण्डौ, न्योह्खा स्थित श्री कृष्ण प्राथमिक विद्यालयमा अध्ययनरत् सम्पूर्ण विद्यार्थीहरुको लागि जाडोमा लगाउने टोपी, मफलर, पञ्जा, मोजा आदि वितररण गरियो ।

- विभिन्न समयमा संस्थाद्धारा सहयोग गरिएका नानीहरुलाई आवश्यक पर्ने सहयोग जस्तै खाजा खर्च , बस भाडा, स्वास्थ्य साथै अतिरिक्त कार्यक्रम (भाषा, कम्प्युटर,डान्स )आदिमा तालिम खर्च उपलब्ध गराईयो ।

- यस वर्षबाट २ जना विद्यार्थीहरुले SLC पास गरेकाले उनीहरुलाई उच्च शिक्षाको लागि पनि सहयोग गरियो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका नानीहरु एलिसा थापामगर तथा सुनिता माफ्रीको को परिवारको (एकल आमा) लागि घरभाडा तथा रासन खर्च उपलब्ध गराईयो ।

- कर्थली १, दुरुमथली, सिन्धुपाल्चोक स्थित श्री मंगला देवी जनजागृती प्राथमिक विद्यालयको भवन २०७२ बैशाख १२ को महाभुकम्पमा परि भत्किएकोले सो भवन पूर्ननिर्माण कार्य सम्पन्न गरि विद्यार्थीहरुलाई पुन विद्यालय आउने वातावरण निर्माण गरियो ।

- संस्थाद्धारा सहयोग गरिएका विद्यार्थीहरु - बिपना थापा, रोजी तामाङ्ग, सुनिता माफ्री, अशोक लामा, रोजन शाक्यले १२ कक्षा सफलतापूर्वक पास गरेका छन् ।

- यसै आर्थिक वर्षमा माई स्मल हेल्प संस्था स्थापनाको दशौं बर्षमा प्रवेश गरेको उपलक्ष्यमा पहिलो पटक दशौं वार्षिक उत्सब भब्यताका साथ सम्पन्न गरियो । सो अवसरमा सहभागि हुनको लागि My Small Help UK बाट पनि अतिथीहरु आउनु भएको थियो । विद्यार्थी भाई बहिनीहरुले आ आफ्नो प्रतिभा अनुसारको कसैले नृत्य, कसैले गीत आदि प्रस्तुत गरेका थिए । सोही अवसर पारि My Smal Help UK बाट पाल्नु भएका अतिथीहरु My Small Help को Founder MS. Leander Hollings, My Small Help UK का Trustee Alistair Williams, My Small Help लाई निरन्तर आर्थिक सहयोग प्रदान गर्नुहुने sponsors Kimm Fearnely, The Esland Group का तर्फबाट John Stamp, Josh Stamp, Emily Stamp and Lee Forthyst लाई सम्मान पत्र प्रदान गरिएको थियो । My Small Help Nepal / My Small UK साथै sponsor हरुको सम्बन्ध अफ्र प्रगाढ बनाउनको लागि यो कार्यक्रम एउटा कोशे ढुङ्गो नै साबित हुन पुग्यो । सोही अवसर पारेर संस्थाद्धारा शैक्षिक सहयोग पाई १२ कक्षा पास गरेर शिक्षण पेशा अंगालेका बहिनीहरु अनिता गुरुङ्ग, अञ्जली थापा मगर, ज्योती मगर र कल्पना चौधरीलाई पनि बिदाई तथा सम्मान गरियो ।

mysmallhelp
...helping hands

- संस्थालाई दिगो रुपमा संचालन गर्नको लागि स्थानिय स्तरबाट पनि रकम संकलन गर्ने कार्यको थालनी गरियो जस अर्न्तगत निम्न व्यक्ति तथा कम्पनीहरुबाट निम्न रकम यो आर्थिक बर्षमा संकलन भयो र सो रकम जम्मा गर्नको लागि शिद्धार्थ बैंकमा खाता खोलियो ।

१. मनकामना काफ्ट रु.५,०००/-
२. यूको ह्याण्डी काफ्ट रु.५,०००/-
३. कमल दिप श्रेष्ठ रु.५,०००/-
४. गंगा बहादुर बस्नेत रु.५,०००/-
५. रिना बज्राचार्य रु.५,०००/-
६. जित राघब रु.५,०००/-

आर्थिक वर्ष २०७३।७४ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने व्यक्ति

नाम : प्रमिला के.सी.

हस्ताक्षर :

पद : अध्यक्ष

मिति : २०७३/४/१५

छाप :